नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

पर्यटन विभाग

आ.ब.२०७७।७८ को प्रथम चौमासिक प्रगति समीक्षा

आ.व. २०७७।७८ को प्रथम चौमासिक वजेट र खर्चको विवरण

पूँजीगत तर्फ	व. उ. शी. न.	वजेट	खर्च रु.	भौतिक प्रगति	वितिय प्रगति
		रु. (लाखमा)	(लाखमा)	(प्रतिशत)	(प्रतिशत)
पर्यटन पूर्वाधार विकास आयोजना	३२५०११०६	३८२२	२२००	८१·६६	५७·५६

चालु तथा पूँजीगत तर्फ	व. उ. शी. न.	वजेट	खर्च रु.	भौतिक प्रगति	वितिय प्रगति
		रु. (लाखमा)	(लाखमा)	(प्रतिशत)	(प्रतिशत)
विभाग	३२५०१०११	५८६	४६५	९४·१७	७९·३५

होटल तथा रिसोर्टको विवरण (विभाग)

होटलको स्तर	जम्मा संख्या	बेडसंख्या
पाँच तारे	१५	३५५४
चार तारे	१६	२१६३
तीन तारे	३३	३४०६
दुई तारे	४३	३०२९
एक तारे	३४	१३०६
रिसोर्ट	५६	२१९९
कूलजम्मा	**१९७**	**१५६५७**

नेपालमा संचालित क्यासिनोहरु

1. एच.एस.एल. काठमाडौं, होटल सांग्रीला
2. क्यासिनो माजोङ्ग, होटल सोल्टी, काठमाडौं
3. क्यासिनो प्राइड नेपाल, होटल ह्यात, काठमाडौं
4. टाइगर प्यालेस क्यासिनो, होटल टाइगर वन, भैरहवा
5. एट्लान्टिक रिक्रिएसन, होटल डेला अन्नपूर्ण, काठमाडौं
6. बेल्लीज नेपाल प्रा.लि., मल्ल होटल काठमाडौं
7. इम्पेरियल इन्टरटेनमेण्ट प्रा.लि. होटल सोल्टी शिबक्रिम, नेपालगन्ज
8. श्री डेल्टइन नेपाल प्रा.लि, होटल मेरियट
9. क्यासिनो रोयल, होटल याक एण्ड यती काठमाडौं
10. क्यासिनो ऱ्याड (भेनस), होटल र्‍याडिसन, काठमाडौं

मिनि क्यासिनो

1. फोर क्वीन क्यासिनो, होटल इच्छा, सिमरा
2. ज्याकपोट ग्यामिङ्ग सेन्टर प्रा.लि., भ्यु सिद्दार्थ होटल, नेपालगन्ज
3. क्यासिनो रक (मिनी) : ४ स्थानहरु: होटल साथी धनगढी, होटल सुरज विरगञ्ज, होटल नान्स भैरहवा, होटल रियाज काँकडभिट्टा
4. क्यासिनो ह्याप्पी आवर: ४ स्थानहरु: होटल स्वीटड्रीम, महेन्द्रनगर होटल लाकौल भैरहवा, होटल स्नेहा नेपालगन्ज, होटल ढाका काँकडभिट्टा
5. सि.एम.जी. क्लब : ४ सथानहरु: होटल ओपेरा महेन्द्रनगर, होटल भिस्वा बिरगन्ज, होटल रत्ना विराटनगर, होटल प्लाटिनम काठमाडौं

आ.व. ०७७/७८ को प्रथम चौमासिक आम्दानी

- पर्वतारोहण रोयल्टी वापत रु. ८५,२०,५२०।००
- एजेन्सी रजिष्ट्रेशन दस्तुर रु.१९,४२,४००।००
- क्यासिनो रोयल्टी रु. २,००,०००।००
- प्रशासनिक दण्ड जरिवाना र जफत रु. ३३,१५,७३६।००
- अन्य प्रशासनिक सेवा शुल्कतर्फ रु. ११,७४,०००।००

कुल जम्माः रु. १,५१,५२,६५६।००

वेरुजु फछ्र्यौटको अवस्था

जम्मा वेरुजु रु. हजारमा	यस आ. व. मा फर्छ्यौट भएको रकम रु. हजारमा	फछ्र्यौट हुन बाँकी रकम रु. हजारमा	फछ्र्यौट प्रगति प्रतिशतमा
६७४५१२	०	६७४५१२	०

- क्यासिनो रोयल्टीको वेरुजु रु ५,६४,८९०
- मातहात पर्यटन कार्यालयको वेरुजु । पर्यटन कार्यालयहरु प्रदेश अन्तर्गत गएको ।

विभागबाट सम्पादित प्रमुख कार्यहरू

आ.व. २०७७/७८ मा पर्वतारोहण:

- विभिन्न ४ वटा ११ वटा पर्वतारोहण दलको लागि ६८ पर्यटकहरू
- रु. ८५,२०,५२० रोयल्टी संकलन भएको,
- सन् २०१० देखि सन् २०१९ सम्म को अभिलेख व्यवस्थापन सम्बन्धी कार्य
- पदयात्रा र पर्वतारोहण सम्बन्धी प्रोटोकल बनेको
- प्रोटोकलको पालना गरी बरुन्चे, ग्याल्जेन, आमादब्लम, हिमलुङ्ग, मनास्लु लगायतका हिमालका लागि विभिन्न एघार वटा आरोहण अनुमति पत्र वितरण गरेको,

होटल/क्यासिनो

यस आ.व. दर्ता भएका तारास्तरका होटल/ क्यासिनोहरूः

- ❖ चार तारास्तर- ४ शय्या- ४७६
- ❖ तीन तारास्तर- १ शय्या- ९७
- ❖ दुई तारास्तर- १ शय्या- ६२

जम्माः- ६ ६३५

- ❖ **होटल/रिसोर्ट नवीकरणः-** ८/११
- ❖ क्यासिनो २ तथा मिनि क्यासिनो १ दर्ता भएको
- ❖**क्यासिनो/मिनि क्यासिनो नवीकरणः-** १०/१

IEE र EIA

- IEE को ToR स्वीकृत - २०
- IEE को अन्तिम प्रतिवेदन स्वीकृत - २६
- EIA को SD/ToR स्वीकृत सिफारिस -०४
- साहसिक पर्यटकीय व्यवसाय दर्ताः १ वटा

वार्षिक नीति तथा कार्यक्रमको हालसम्मको कार्यान्वयनको अवस्था

क्रियाकलाप	प्रथम चौमासिक सम्मको प्रगति
क्रियाकलाप नं १ **पर्यटन विभागबाट सञ्चालित क्रमागत एक प्रदेश एक पर्यटकीय पूर्वाधार विकास, रारा क्षेत्रको बृहत गुरुयोजना तयार गर्ने**	
माइलस्टोन १ र २ **पहिलो चौमासिकसम्ममा सन्दकपुर, धनुषाधाम, ईन्द्रसरोवर, पञ्चासे, निग्लिहवा, भादागाँउको प्रथम चरणको कार्य सम्पन्न गर्ने तथा दोस्रो चरणको कार्य शरु गर्ने**	प्रथम चरणको भौतिक प्रगति सम्पन्न भई भुक्तानी हुन बाँकी तथा दोस्रो चरणको समझौत भै निर्माण कार्य शुरु भएको
माइलस्टोन ३ **यस आ व को अन्तिम सम्ममा रारा क्षेत्रको प्रथम चरणको कार्य ७० प्रतिशत सम्पन्न भएको हुने।**	प्रथम चरणको कार्य ८०% सम्पन्न भएको
माइलस्टोन ४ **जेष्ठ सम्मा रारा ताल क्षेत्रको वृहत गुरुयोजना तयार गर्ने**	DPR तथा IEE तयार गर्न आवश्धक TOR तयार भै खरिद प्रकृयामा रहेको
माइलस्टोन ५ **यस आ व को अन्तिम सम्ममा मुक्तिनाथ क्षेत्रको आनि क्वाटर निर्माण, कागबेनीको पिण्डस्थान पुनर्निर्माणको प्रथम चरणका कार्य सम्पन्न हुने**	आनि (भिक्षुणी) आवासको ५०% निर्माण कार्य सम्पन्न भएको तथा पिण्डस्थान निर्माण कार्य सम्पन्न भएको

वार्षिक नीति तथा कार्यक्रमको हालसम्मको कार्यान्वयनको अवस्था

क्रियाकलाप ३ ग्रेट हिमालयन ट्रेल निर्माण कार्य	
क्रियाकलाप	**प्रथम चौमासिक सम्मको प्रगति**
माइलस्टोन १ यस आवको अन्तिम सम्मा ग्रेट हिमालयन ट्रेल अन्तर्गत (मकालु, कञ्चनजङ्गा, यार्साट्रेल, च्छो रोल्पा लगायतका क्षेत्रमा 100 किमी) सम्पन्न भएको हुने (%)	मकालु १२ किमि सम्पन्न, कन्चनजङ्गा १५ कि मि सम्पन्न, यार्सा ट्रेल १५ कि मि सम्पन्न, च्छो रोल्पा २० कि मि सम्पन्न
माइलस्टोन २ मंसिर सम्मा सगरमाथा हेरिटेज ट्रेल, धार्चे मनास्लु, हेलम्बु लाङटाङ ट्रेल लगायतका स्थानमा दोश्रो चरणको निर्माणका लागि खरिद सम्झौता	दोस्रो चरणको समझौता भएको तथा निर्माण कार्य शुरु भएको ।

वार्षिक नीति तथा कार्यक्रमको हालसम्मको कार्यान्वयनको अवस्था

क्रियाकलाप ४ सात प्रदेश एक एक स्थानमा हिल स्टेशनको लाग आवश्यक पर्यटकिय पूर्वाधार निर्माण शुरु गर्ने	
क्रियाकलाप	**प्रथम चौमासिक सम्मको प्रगति**
माइलस्टोन १ फाल्गुनसम्ममा सम्भाव्यता अध्ययन तथा डिपिआर तयार गर्ने	परामर्शदातासँग सम्झौता भै अध्ययन कार्य भरहेको Inception Report प्राप्त भएको
क्रियाकलाप ५ उपत्यका वरिपरि प्रमुख हाईकिङ्ग गन्तव्यहरु तथा एडभेञ्चर साईक्लिङ्ग रुट विकास गर्ने	
माइलस्टोन १ भदौसम्ममा हाईकिङ्ग गन्तव्यहरु तथा साईक्लिङ्ग रुटमा हुने निर्माण कार्यको सुचना प्रकाशन	सम्पन्न
माइलस्टोन २ मंसिर सम्मा निर्माण कार्यको सम्झौता भई कार्यान्वयन	कार्य शुरु हुने

वार्षिक नीति तथा कार्यक्रमको हालसम्मको कार्यान्वयनको अवस्था

क्रियाकलाप ६ GEO Park निर्माण, फेवाताल वरिपरि तथा नारायणी नदि किनारमा पर्यटकिय पुर्वाधार निर्माण	
क्रियाकलाप	**प्रथम चौमासिक सम्मको प्रगति**
माइलस्टोन १ फाल्गुनसम्ममा फेवाताल वरपर Cycle Lane निर्माण तथा Lighting व्यवस्थाको खरिद समझौता	डिपिआर तयार हुंदै गरेको
माइलस्टोन २ फाल्गुनसम्ममा नारायणी नदि किनार (नारायणी पुलदेखी उत्तरपूर्व) सौन्दर्यीकरण तथा Lighting व्यवस्था	साइट अवलोकन सम्पन्न तथा खरिद कार्यको तयारी हुंदै गरेको

वार्षिक नीति तथा कार्यक्रमको हालसम्मको कार्यान्वयनको अवस्था

क्रियाकलाप ७ पदयात्रा तथा हिमाल आरोहणमा जाने पर्यटकको GPS Tracking System लागु गर्ने	
क्रियाकलाप	**प्रथम चौमासिक सम्मको प्रगति**
माइलस्टोन १ र २ वैशाख सम्मा परामर्श कार्यको लागि प्रस्ताव आहवान गर्ने कार्यन्वयनमा ल्याउने	परामर्शको कार्य सम्पन्न भएको यस कार्यको लागि आवश्यक specification तथा Cost Estimate तयार भएको यस अनुसारको System खरिद प्रकृयामा रहेको
क्रियाकलाप ८ पदयात्रा ऐतिहासिक किल्ला र गढिहरुको पुननिर्माण सम्बन्धी कार्य गर्ने ।	
माइलस्टोन ३ नेपाली सेनासंगको सम्नवयमा एकिकरण मार्ग निर्माण गर्न स्थान एकिन गरी MOU गर्ने	समझौता हुन नसकेको

समस्या तथा चुनौतिहरु

पर्वतारोहण तर्फ :

- पर्वतारोहणमा आउने पर्यटकहरुलाई सुरक्षात्मक प्रणाली मार्फत आरोहणका गतिविधि सञ्चालन गरिने बारे निश्चिन्त बनाउनु,
- फिक्स रोप सम्बन्धी: खुम्बु आइसफल र फिक्स रोप आवश्यक पर्ने हिमालहरुमा रोप फिक्स सम्बन्धी कानूनी संरचना तयार गर्नु र समयमा नै रोप फिक्स गर्नु,
- आधुनिक उपकरणका माध्यमबाट आरोहीको निगरानी गर्ने प्रणाली तयार गरी लागु गर्नु,

समस्या तथा चुनौतिहरु

- चोयू हिमाल आरोहण गर्ने South West Ridge को बाटोको सम्भाव्यता अध्ययन गरी आरोहणयोग्य बाटो तयार गर्नु,
- पदयात्रा र पर्वतारोहण सम्बन्धी प्रोटोकलमा व्यवस्था भए बमोजिमको कोभिड विमा र सात दिनको होटल क्वारेन्टिनको अनुगमन गर्नु,
- हिमालहरुको विवरण/अभिलेख सच्याउनु,
- आरोहण अनुमतिपत्र लिई सकेका पर्यटकहरुले स्थानीय तह बुझाउनु पर्ने थप शुल्क र यसले पर्यटकमा पार्ने नकारात्मक असर अन्त्य गर्नु,

समस्या तथा चुनौतिहरु

- आरोहणमा गएको दलको नेताको मृत्यु भएमा, हराएमा वा वेहोस भई निज उपचारको लागि नेपाल बाहिर गएको अवस्थामा डिब्रिफिङ्ग नहुने र उक्त दलका सफल आरोहीले आरोहणको प्रमाणपत्र प्राप्त नगरेको अवस्था रहेको,
- सन् २०२० को वसन्त ऋतुका लागि आरोहण अनुमति पत्र वितरण भएका र कोभिड १९ का कारण आरोहण स्थगित गर्न लगाइएका पर्यटकलाई सोही रोयल्टीमा आरोहण अनुमति पत्र उपलब्ध गराउनु ।

समस्या तथा चुनौतिहरु

- **<u>होटल/रिसोर्ट तथा क्यासिनो तर्फ :</u>**
- अदालतको आदेशबाट सञ्चालित क्यासिनोहरुबाट नेपाल सरकारलाई बुझाउनपर्ने वक्यौता असूल उपरमा समस्या,
- होटलहरुको नवीकरण गर्ने बाध्यकारी व्यवस्था नभएको,
- नवीकरण शुल्क लिने कानूनी व्यवस्था नहुनु,

समस्या तथा चुनौतिहरु

- होटल / रिसोर्टको ठूलो संख्यालाई विभागमा दर्ता र नियमनमा समेट्न नसकिनु ।
- क्यासिनो नियमन सम्बन्धी सबल कानूनी व्यवस्थाको अभाव हुनु।
- होटल मापदण्डलाई समसामयिक नहुनु।
- कोभिड-१९ को संक्रमण पश्चात होटल/रिसोर्ट सम्बद्ध पर्यटकीय सेवाहरूले पालना गर्नुपर्ने स्वास्थ्य सम्बन्धी प्रोटोकल पालनामा कमजोरी रहेको।

समस्या तथा चुनौतिहरु

पूर्वाधार क्षेत्रतर्फ :

- कोभिड-१९ को संक्रमण पश्चात चालु आ.व.को पहिलो चौमासिकमा समेत असर परेको,
- भौगोलिक विकटताका कारण पूर्वाधार निर्माण स्थलमा सबै मौसममा एकरूपले कार्य गर्न नसक्नु र साइट सुपरभिजन तथा अनुगमन कार्य खर्चिलो र जटिल हुनु,
- वन तथा राष्ट्रिय निकुञ्ज र संरक्षित क्षेत्रभित्र पूर्वाधार निर्माणका कार्यमा अन्य निकायको सहमति लिने कार्य जटिल हुनुका साथै समय लाग्ने गरेको
- प्राविधिक जनशक्ति पर्याप्त नरहेको

समस्या तथा चुनौतिहरु

अन्य समस्याहरूः

- ट्राभल/ट्रेकिङ्ग/-याफ्टिङ/पर्यटक यातायात सेवा व्यवसाय प्रदेश तहबाट नियमन भएपनि पर्यटन ऐन,२०३५ र अन्य कानूनी व्यवस्था साविक बमोजिम नै रहेकोले दर्ता नवीकरण लगायतका विषयमा कानूनी व्यवस्थामा प्रदेश तहबाट कानुन नवन्नु।
- पर्यटकहरूको अनलाइन ट्र्याकिङ्ग पद्दतिको विकास र विस्तार गर्नु,

समाधानका उपायहरु

- पर्वतारोहणका कार्य गर्दा पालना गर्नु पर्ने सुरक्षात्मक प्रणाली सम्बन्धी प्रोटोकल बनाई लागु गर्नुपर्ने ।
- आउँदै गरेको आरोहण सिजनका लागि विगतको पद्धतिलाई निरन्तरता दिने र आगामी दिनमा रोप फिक्स सम्बन्धी कार्यविधि बनाई लागु गरिनु पर्ने ।
- GPS लगायतका आधुनिक प्रणाली मार्फत निगरानी गरिने कार्यका लागि सम्भाव्यता अध्ययन गरी सोको निष्कर्षका आधारमा भरपर्दो ट्र्याकिङ्ग पद्धति अवलम्बन गर्न आवश्यक स्रोत साधनको व्यवस्था गरिनु पर्ने ।

समाधानका उपायहरु

- चोयु हिमाल आरोहण गर्ने South West Ridge को बाटो सम्भाव्यता अध्ययनको मोडालिटी तय र आवश्यक स्रोतको व्यवस्थापन गर्नुपर्ने ।

- आरोहणमा गएको दलको नेताको मृत्यु भएमा, हराएमा वा वेहोस भई निज उपचारको लागि नेपाल बाहिर गएको अवस्थामा डिब्रिफिङ्ग नभई आरोहणको प्रमाणपत्र प्राप्त गर्न नसकेका सफल आरोहीहरुको समस्या समाधानका लागि सम्बन्धित एजेन्सी, सरदार र सम्पर्क अधिकृतले पेश गरेको प्रतिवेदनका आधारमा आरोहणको प्रमाणपत्र उपलब्ध गराउन मन्त्रिपरिषदबाट निर्णय हुनपर्ने ।

समाधानका उपायहरु

- सन् २०२० को वसन्त ऋतुका लागि आरोहण अनुमति पत्र लिई हिमाल आरोहण गएका आरोहीहरुलाई कोभिड १९ का कारण फिर्ता पठाइएको हुँदा निश्चित अवधिभित्र निजहरुको अनुकूल अवस्थामा नेपाल आई सोही रोयल्टीका आधारमा आरोहण अनुमति पत्र उपलब्ध गराउन मन्त्रिपरिषद्बाट निर्णय हुनुपर्ने ।
- पर्वतारोहण सम्बन्धी प्रोटोकलमा रहेको सात दिन अनिवार्य होटल क्वारेन्टिन र USD पाँच हजार डलरको बराबरको कोभिड विमा सम्बन्धी प्रावधानमा पूर्विचार गरिनु पर्ने,

समाधानका उपायहरु

- प्रस्तावित पर्यटन ऐनमा होटलहरुको नवीकरण सम्बन्धमा स्पष्ट व्यवस्था गरी नवीकरण शुल्क समेत निर्धारण गर्ने।
- आर्थिक ऐन,२०७७ ले दिएको क्यासिनो वक्यौता असूली सम्बन्धी व्यवस्था (२०७७ चैत्र मसान्तसम्म) वक्यौता बुझाउन त्यस्ता क्यासिनोहरूलाई प्रोत्साहित गरी ऐनको प्रभावकारी कार्यान्वयन गर्ने।
- होटल/रिसोर्टलाई सम्बन्धित नियामक निकायमा दर्ता/ नवीकरण कार्यलाई विशेष प्याकेज मार्फत प्रोत्साहन गर्ने।

- क्यासिनो नियमन सम्बन्धी ऐन कानुनको व्यवस्थाको अभाव

समाधानका उपायहरु

- होटल मापदण्डलाई समसामयिक बनाउनु पर्ने,
- कोभिड-१९ को संक्रमण पश्चात होटल/रिसोर्ट/रेष्टुरेन्ट सम्बद्ध पर्यटकीय सेवाहरूले पालना गर्नुपर्ने स्वास्थ्य सम्बन्धी प्रोटोकललाई समसामयिक र सरल बनाउने,
- कोभिड-१९ को संक्रमण पश्चात स्थानीय प्रशासनसँग आवश्यक समन्वय गरी बाँकी समयमा निर्धारित पूर्वाधार निर्माण कार्य सम्पन्न गर्ने,
- कोभिड-१९ को संक्रमण पश्चात होटल र सोसंग सम्बन्धित मनोरन्जन स्थल जिम, स्विमिङ्ग पुल, सामुहिक खेल, स्पा, वैंकेट र क्यासिनोहरु क्रमश खोल्दै लैजानु पर्ने ।

समाधानका उपायहरु

- भौगोलिक अवस्थितिका आधारमा पूर्वाधार निर्माणको कार्यलाई प्राथमिकता दिने र सुपरभिजन तथा अनुगमन कार्यलाई प्रभावकारी बनाउने।
- वन तथा राष्ट्रिय निकुञ्ज र संरक्षित क्षेत्रभित्र पूर्वाधार निर्माणका कार्यमा अन्य निकायको सहमति लिने कार्यको मन्त्रालय तहबाट समेत आवश्यक समन्वय हुनुपर्ने,

समाधानका उपायहरु

- प्रदेश तहबाट नियमन हुने पर्यटन सेवा व्यवसायहरूलाई सहजीकरण गर्न नियमावली/निर्देशिकामा आवश्यक संशोधन गर्नुपर्ने,

पर्यटन पूर्वाधारतर्फ भरहेको कार्यहरुको तस्वीर सहितको प्रगति

राना थारु संग्रहालय

पर्यटक सूचना केन्द्र लुक्ला

दोलखा-जिरी-चौरीखर्क सगरमाथा पदमार्ग

रारताल क्षेत्र

खारे सोतली च्छो रोल्पा ट्रेल तथा पोर्टर हाउस

निर्माणाधीन कञ्चनजङ्घा पदमार्ग



निर्माणाधीन यार्सा ट्रेल रूकुम

मकालु क्षेत्र पदमार्ग

धन्यवाद !